# भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वयरघारी, स्याङजा

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
सुचना नम्वरः ३६०

मिति : २०८३/०१/०८

### ५०% अनुदानमा फलफूलको बेर्ना माग गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस भीरकोट नगरपालिकाको चालु आ.व. २०८२/८३ मा स्वीकृत संघिय विशेष अनुदान तर्फ एकीकृत कृषि विकास कार्यक्रम अन्तर्गत साझेदारीमा फलफूलको विरुवा वितरण कार्यक्रममा भीरकोट नगरपालिकाका कृषकहरुलाई ५०% अनुदानमा फलफूलको बेर्ना वितरण गर्ने कार्यक्रम रहेको हुँदा कार्यक्रममा सहभागी हुन इच्छुक भीरकोट नगरपालिका भित्रका कृषक/कृषक समुह/कृषि सहकारीहरुले आफुलाई आवश्यक पर्ने फलफूलको बिरुवाको माग परिमाण सहितको विवरण सुचना प्रकाशन भएको मितिले पन्ध्र दिन (२०८३/०१/२२ गते) भित्र भीरकोट नगरपालिका कृषि शाखामा पेश गर्नुहुन अनुरोध छ।

आवश्यक कागजातहरु

१.आवश्यक परिमाण र बिरुवाको प्रकार खुल्ने गरी बिरुवाको मागको निवेदन

२.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३.समुहको हकमा समुह दर्ता प्रमाणपत्र र बेर्ना माग सम्बन्धि समुहको निर्णयको प्रतिलिपि

वितरण हुने फलफूलको बिरुवा

१. सुन्तला (बिजु र कलमी)
२. कागती (बिजु र कलमी)
३. आँप
४. लिची
५. अम्बा
६. एभोकाडो
७. सितलचिनी

पुनश्चः तोकिएको समय पश्चात माग आवेदन पेश भएमा सो उपर कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

वेबसाईटः www.bheerkotmun.gov.np, ईमेलः info@bheerkotmun.gov.np
फोनः ०६३४००१०६, ०६३४००१७७, फ्याक्सः ०६३४००१७७
सामाजिक संजालः fb.com/bheerkotmun

मितिः

श्रीमान् कार्यालय प्रमुख ज्यू
भीरकोट नगरपालिका
बयरघारी, स्याङ्जा

विषयः फलफूलको विरुवा उपलब्ध गराईदिने बारे।

उपरोक्त सम्बन्धमा भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को एकीकृत कृषि विकास कार्यक्रम अन्तर्गत साझेदारीमा फलफुलको विरुवा वितरण कार्यक्रममा ५०% रकम वापत हुन आउने रकम व्यहोर्ने गरि तपसिलमा उल्लिखित विवरणका आधारमा फलफूलका विरुवा उपलब्ध गराईदिनु हुन अनुरोध छ ।

तपसिल

| क्र.स. | बिरुवाको प्रकार | परिमाण (संख्या) | खेति गरिने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | सुन्तला | | | |
| | बिजु | | | |
| | कलमी | | | |
| २ | कागती | | | |
| | बिजु | | | |
| | कलमी | | | |
| ३ | आँप | | | |
| ४ | लिची | | | |
| ५ | अम्बा | | | |
| ६ | एभोकाड़ो | | | |
| ७ | शितलचिनी (मोरीङगा) | | | |

निवेदक

नामः
ठेगानाः
सम्पर्क